बिक्रीको लागि होइन



# अनारकलीको अन्तरकथा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# अनारकलीको अन्तरकथा

बिक्रीको लागि होइन

लेखक
कृष्णराज सर्वहारी

चित्राङ्कन
दीपक गौतम

सम्पादक
शान्तदास मानन्धर

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीको लागि होइन

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

बिक्रीको लागि होइन

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ | पाठ्यक्रम विकास केन्द्र


**मेरो नाम अनारकली हो। म चौधरी हुँ। मेरो घर दाङ देउखुरीको गङ्गापरसपुर–५, परसपुर गाउँमा छ। हाम्रो गाउँको उत्तरतिर राप्ती बगिरहेको छ। उहिले बर्खामा राप्ती तर्न सकिन्नथ्यो अहिले राप्तीमाथि पक्की पुल बनेपछि गढवा बजार हुँदै गाउँ जान सजिलो भएको छ।**



एक दिन मेरा बुबा छविलाल चौधरी घरछेउको रुखबाट स्याउला भार्दै हुनुहुन्थ्यो। उहाँ अचानक रुखबाट लड्नुभयो र नराम्ररी थला पर्नुभयो। बुबाले मजदुरी गरेर घर चलाउनुहुन्थ्यो, उहाँ थला पर्नुभएपछि हाम्रो घरको अवस्था अत्यन्तै कमजोर भयो। बुबाको उपचारका लागि जमिनदारसँग ऋण लिनुपर्ने अवस्था आइपऱ्यो।



ऋण दिनुअगि जमिनदारले मेरी आमासँग मलाई कमलरी दिनुपर्ने सर्त राखियो। आमा मलाई कमलरी दिन चाहनुहुन्नथ्यो तर आमासँग अरू उपाय थिएन। आखिरमा आमाले मलाई जमिनदारको घरमा काम गर्नलाई बाटो लगाइदिनुभयो।



म आमाको मायाको छहारीमा बस्न पाइनँ। त्यसपछि मैले जमिनदारको घरको चुलोचौको गर्न थालेँ। बिहानै उठ्नु, भाँडा माझ्नु, बढारकुँढार गर्नु, घाँस काट्न जानु र जमिनदारका घरका छोराछोरी हेर्नु जस्ता काम गरेरै मेरा दिन बित्न थाले।



ऋण लिएर बुबाको उपचार त गरियो तर उहाँलाई बचाउन भने सकिएन। बुबाको मृत्युपछि आमालाई घर चलाउन साह्रै गाह्रो भयो । त्यसैले आमा एक्लैले धान्न नसकेपछि मेरा अरू दुई जना साना कलिला बहिनीहरू पनि जमिनदारका घरहरूमा म जस्तै कमलरी बस्न बाध्य भए ।



बिक्रीको लागि होइन

कमलरीले आफूले काम गरिबसेका घरका मानिसहरूका नमिठो वचन दिनहुँ सुन्नुपर्छ। जति काम गरे पनि तिनीहरूको चित्त बुझ्दैनथ्यो। तिनीहरूका वचनले मुटुमा च्वास्स घोच्थ्थे । आफूजत्रा र आफ्नै उमेरका केटीहरू झोला बोकेर स्कुलतिर गएका देख्दा भित्री मनले भन्थ्यो, “कमलरी बस्न नपरेको भए म पनि उनीहरू झैँ आफ्ना बहिनीहरूसँग हाँस्दै स्कुल गइरहेको हुन्थेँ हुँला !”



आखिर जहाँ इच्छा त्यहाँ उपाय भने जस्तै भयो ! गाउँमा अनौपचारिक शिक्षाको ६ महिने कार्यक्रम आयो । जमिनदारको घरको सबै धन्दा सकाएर म बेलुकी त्यहाँ पढ्न जान थालेँ । एक दिन मेरो जीवनमा सोच्दै नसोचेको कुरा भयो । एउटा संस्थाले कमलरीका निम्ति पढ्ने व्यवस्था मिलाइदियो । यसरी म कमलरी बसेको दुई वर्षपछि कमलरी जीवनबाट मुक्त भएँ । त्यसपछि म दिउँसोको तीन महिने अनौपचारिक कक्षामा भर्ना गरिएँ । यो २०५६ सालको कुरा हो ।



मेरो लागि त्यो निकै खुसीको दिन थियो, जुन दिन म तीन महिने अनौपचारिक कक्षा पढिसकेर एकैपल्ट स्कुलको कक्षा चारमा भर्ना भएकी थिएँ । गाउँबाट बिस मिनेट पश्चिमतर्फ हिँडेपछि म पढेको स्कुल पुगिन्छ । त्यसको नाउँ सूर्योदय मा.वि. हो ।

त्यसका केही दिनपछि मेरा दुवै बहिनीहरूलाई पनि सोही संस्थाको सहयोगमा कमलरी जिन्दगीबाट छुटाएर स्कुल भर्ना गरिएको थियो ।



हामी तिनै छोरीहरू कमलरी बस्न छाडी स्कुल जान थालेपछि आमालाई परिवार चलाउन गारो भयो। उहाँ मजदुरी गर्नुहुन्थ्यो, बनीबुतो गरेर घरको खर्च धान्नुहुन्थ्यो। स्कुल बिदाका दिन हामी पनि आफ्नो सामर्थ्यअनुसारको काम खोजेर आमालाई भरथेग गर्न थाल्यौँ।



मैले एसएलसी पास गरी अझ धेरै पढेको हेर्ने हाम्री आमा सुभागी चौधरीको ठुलो सपना थियो । आखिर आमाको त्यो सपना मैले पूरा गरेर देखाइ छाडेँ । २०६४ सालमा मैले सूर्योदय मा.वि. चैनपुरबाट दोस्रो श्रेणीमा एसएलसी पास गरेँ । बुबाको मृत्युपछि कहिल्यै राम्ररी हाँस्न नपाएकी हाम्री आमाको अनुहारमा खुसियाली छायो । त्यो देख्दा मलाई ठुलो सन्तुष्टि मिलेको थियो ।



मेरा केही सहकर्मीहरूले परीक्षामा राम्रो गर्न सकेनन्। मैले उनीहरूलाई पढ्ने कुरामा नहार्न सल्लाह दिएँ र अझ मेहनत गर्न प्रेरित गरेँ। मेरो हकमा भने एसएलसी त पास गरेँ तर उच्च शिक्षा हासिल गर्न पाउन नसकिने पो हुँला कि भन्ने लागिरहेको थियो। मेरो स्कुलको सम्पूर्ण खर्च बेहोरिदिएको संस्थाको कार्यावधि त्यस बेला सकिसकेको थियो।



खुसीको कुरा, एसएलसी पास गरिसकेपछि मैले काम गर्ने प्रमाणपत्र हासिल गरेकी थिएँ। पढाएको संस्थाले मलाई साथी शिक्षकको नियुक्ति दियो। यसरी म बिहान बिहान दाङ घोराहीको पद्मोदय पब्लिक कलेजमा जान थालेँ र दिउँसो चाहिँ काममा। यसरी उच्च शिक्षाको अध्ययन गर्ने बाटो पनि खुल्यो। एक मनले उहिलेकी कमलरीले क्याम्पस पढ्न थाल्नु सपना झैँ लाग्थ्यो।



म पढिरहेको क्याम्पस मेरो गाउँबाट ३७ किलोमिटर टाढा पर्छ। परसपुर गाउँमा हाम्रो सानो बुकुरो थियो। मुक्त कमैयाहरू पुनर्स्थापित हुन नसकेपछि र सरकारले बाचा गरेको ५ कट्ठा जग्गा पनि नदिएपछि उनीहरू ठाउँ ठाउँमा सार्वजनिक जग्गा कब्जा गर्ने अभियानमा लागेका थिए। मेरी आमाले पनि घोराही बजारबाट तीन किलोमिटर जति पश्चिमतिर कोइला अपलोड गर्ने ठाउँमा अरू मुक्त कमैयाहरूसित मिलेर एउटा झोपडी गाड्नुभयो।



घोराहीमा आफ्नै कामचलाउ झोपडी भएपछि मलाई डेरा लिएर बस्नुपरेन। मलाई क्याम्पस जान सजिलो भयो। आमालाई पनि उता देउखुरीको गढवा बजारको भन्दा यतै काम पाउन पनि सजिलो भयो।



सबै छोरीहरू स्कुल गएको देखेपछि हाम्री आमाको मन फुरुङ्ग भएको छ। उहाँ बेला बेला बुबाको फोटो हेरेर रुनुहुन्छ। हामी सबै छोरीहरू उहाँलाई सम्झाउने गर्छौं, "नरुनुस् आमा, हामी तपाईँका छोरा सहरका सन्तान हौँ। अब तपाईँले धेरै दुःख गर्नुपर्दैन, हामीहरू तपाईँलाई पाल्छौँ।"



आमा अहिले पनि चिन्ता लिनुहुन्छ, अहिलेको उहाँको चिन्ता भने छोरीहरू हुर्किन थाले भन्ने रहेछ । थारू समुदायमा सानैमा छोरीको बिहे गरिदिने चलन छ । मेरी आमाको पनि निकै सानैमा बिहे भएको थियो रे । मलाई बिहेको कुनै चिन्ता छैन र यसबारे आमालाई चिन्ता नलिन सम्झाइरहन्छु ।



मेरो जीवनको एउटै लक्ष्य छ– त्यो के भने, थारू समाजमा रहेको कमलरी कुप्रथा विरुद्धको अभियानमा लाग्नु। आफू साथी शिक्षक भएर हिंडेकाले अहिले पनि कमलरी लगाउने र राख्ने दुवैलाई त्यसो नगर्न सम्झाउँदै र सचेत बनाउँदै हिंड्नु मेरो काम रहेको छ।


बिक्रीका लागि होइन

गएको वर्ष कमलरीको टोली काठमाडौँ पुगेको थियो। त्यस टोलीमा म पनि थिएँ। हामीले काठमाडौँको भद्रकालीमा एक सातासम्म धर्ना दियौँ। हामीले त्यस बेलाका राष्ट्रपति र प्रधानमन्त्रीलाई भेट्यौँ। सबैले कमलरी प्रथा उन्मूलन गर्ने आश्वासन दिएका थिए।



ठुला नेताहरूले आश्वासन दिए पनि कमलरी प्रथाविरुद्ध कुनै ठोस काम भएको छैन। कमलरी मुक्तिका लागि विभिन्न सङ्घ संस्थाको आह्वानमा २०६५ माघबाट दाङ देउखुरी जिल्लालाई कमलरी मुक्त जिल्ला घोषित गरिएको छ। यस अभियानलाई जिल्ला बाल कल्याण समितिले समेत सघाएको छ।



दाङ देउखुरीलाई कमलरी मुक्त र बाँके बर्दिया, कैलाली र कञ्चनपुरलाई कमलरी निषेधित जिल्ला भनेर घोषणा गरे पनि ती क्षेत्रमा अझै धेरै सङ्ख्यामा कमलरीहरू रहेको तथ्याङ्क छ । सबै कमलरीहरूलाई मुक्त गर्न नसकुन्जेल म जीवनपर्यन्त त्यस काममा लागिरहने छु । म सबै बुबाआमाहरूलाई लेखपढ गर्ने, खेल्ने, कुद्ने उमेरका आफ्ना छोरीहरूलाई कमलरीमा नलगाउन अनुरोध गर्छु । अरूका कलिला छोरीहरूलाई कमलरी बनाएर दासीको जस्तो जीवन बिताउन बाध्य बनाउने मालिक भनाउँदालाई समेत यस्तो काम नगर्न म आग्रह गर्छु ।




बिक्रीको लागि होइन

बिक्रीको लागि होइन